सानिमा इन्स्योरेन्स कम्पनी लि.
Sanima Insurance Company Ltd.
केन्द्रीय कार्यालय : सिटी एक्सप्रेस कम्प्लेक्स, कमलादी, पोष्ट बक्स नं. १६२२, काठमाडौं, नेपाल
फोन नं. ०१(४४२७१७०, ४४२७१७१, ४४२७१७२, ४४२७१०१, फ्याक्स: ९७७-१-४४२७१०३
Email: sanima@sanimageneral.com, Web: www.sanimageneral.com

# मार्गस्थ नगद बीमा प्रस्ताव

| | |
|---|---|
| १. प्रस्तावकको नाम<br>ठेगाना | २.पेशा |
| ३. अनुमानित वार्षिक मार्गस्थ रकम | |
| ४.(क) नगद लिएर जाने कुनै एक व्यक्तिको लागी आवश्यक अधिकतम बीमा रकम ?<br>(ख) के तपाई खास क्षेत्रहरूको लागी पृथक वाहन सीमाहरू (Carrying Limity)राख्न चाहनुहुन्छ ? यदि चाहनुहुन्छ भने नाम तथा रकम उल्लेख गर्नुहोस्। (यस्तो कुनै एक दावीको रकम कम्पनीको दायित्वको सीमा हुनेछ ।) | (क)<br>(ख) |
| ५. के उपरोक्त अनुमानमा चेकहरू समावेश गरिएका छन् ? | |
| ६. बीमा गर्न चाहेको अवधि ? | |
| ७. अक्सर कतिपटक नगद साथमा लिएर यात्रा गरिन्छ ? र कुनै खास पूर्व होशियारी अपनाईन्छ ? | |
| ८. बीमा गरिने यात्रा वा मार्गस्थको विवरण दिंदै त्यस्तो यात्रा पैदल वा निजी वा सार्वजनिक सवारी केबाट गरिने हो उल्लेख गर्नुहोस्। | |
| ९. नगद लैजाने अधिकतम दूरी कति हो ? | |
| १०.नगद बोक्ने काममा कति कर्मचारीहरु संलग्न छन् ? | |
| ११.नगद बोक्ने काममा संलग्न कर्मचारीहरुको हकमा निष्ठा जमानी (Fidelity Guarantee) बीमालेख लिनु भएको छ ? यदि छ भने कम्पनीको नाम तथा रकम उल्लेख गर्नुहोस्। यदि होइन भने के तपाई प्रस्तुत बीमाको विरतारबाट ती कर्मचारीहरुलाई सो अन्तर्गत समावेश गराउन चाहानुहुन्छ । | |
| १२ . के तपाईले हालसम्म यस्तो प्रकृतिको कुनै क्षति/हानी नोक्सानी ब्यहोर्नु भएको छ ? | |
| १३. प्रस्तुत प्रस्ताव लागु हुने कुनै जोखिमहरू का सम्बनधमा कुनै बमिकले :<br>(क) तपाईलाई बीमा गर्न अनिच्छा देखाएको थियो ?<br>(ख) तपाईलाई बीमा गर्न विशेष शर्त राख्नु पर्ने बताएको थियो ?<br>(ग) तपाईलाई बीमा रद्ध गरेको वा सो नवीकरण गर्न अस्वीकार गरेको थियो ?<br>(घ) बीमा नवीकरण गर्दा तपाईको बीमाशुल्क बढाएको थियो ? | (क)<br>(ख)<br>(ग)<br>(घ) |
| १४. के तपाई तालाबन्दी सेफभित्र रातभर नगद राख्नुपर्ने आवश्यकता देख्नुहुन्छ?यदि त्यस्तो हो भने देहायका कुराको विवरण दिनुहोस्।<br>(क) त्यस्तो सेफभित्र राख्नु पर्ने नगद<br>(ख) सेफ निर्माताको नाम<br>(ग) आगो वा चोर प्रतिरोधक<br>(घ) सेफको नम्बर<br>(ङ) सेफको मूल्य<br>(च) ताल्चाको संस्था र साचो कसको जिम्मामा रहने हो ?<br>(छ) सेफका स्थिति | (क)<br>(ख)<br>(ग)<br>(घ)<br>(ङ)<br>(च)<br>(छ) |
| १५.(क) परिसरको विवरण,जस्तै :पसल,कार्यालय,गोदाम घर,कारखाना आदि ।<br>(ख) के सबै परिसरहरु तपाईले प्रयोग गरिरहनु भएको छ । यदि होइन भने, अन्य बहालवालहरुको विवरण दिनुहोस् ।<br>(ग) के परिसरहरु रातको समयमा प्रयोग गरिन्छन् ? | (क)<br>(ख)<br>(ग) |

म/हामी मन्जूर गर्दछु/छौ कि प्रस्तुत प्रस्ताव तथा घोषण म/हामी तथा सानिमा इन्स्योरेन्स बीचको करारको आधार हुनेछ । साथै म/हामी कम्पनीबाट तोकिएका शर्त /अवस्थाको अधिनमा रहि बीमालेख स्वीकार गर्न मन्जूर गर्दछु/छौ ।

मिति :

प्रस्तावकको हस्ताक्षर

अभिकर्ता:

## अपवाद

यस बीमालेख अन्तर्गत देहायको अवस्थाको दायित्व हुने छैन ।

(क) नगदको सम्बन्धमा अनुसूचीमा बयान गरिएको परिधि वा अवस्थामा बीमितको कुनै कर्मचारीको अनैतिक वा बैइमानी क्रियाकलापको कारणले ।

(ख) लेखा श्रेष्ताको गल्ती कारणले ।

(ग) बगलीमाराको कारणले ।

(घ) हूलदंगा,नागरिक उपद्रव ,हडताल वा कामदारद्वारा तालाबन्दी ,कामदार गडबडी वा अन्य कानुन विपरित ,भूकम्प,युद्ध,अतिक्रमण विदेशी शत्रुताको कार्य, सैनिक वा शक्ति अपहण,कब्जा,गृहयुद्ध,विद्रोह,क्रान्ति,सैनिक विप्लप वा लूटपीट, ध्वंश आगजानी अवस्था वा यस्ता घटनाबाट उत्पन्न हुने खतरा ।

(ङ) आणविक विकीरण अथवा आणविक इन्धनको ज्वलनपछि शोष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियो सक्रियताको संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सिर्जना हुने कानूनी दायित्व वा त्यस्तै हानी-नोक्सानी वा जेसुकै कारणले हुन जाने खर्च वा जुनसुकै सम्पतिको ध्वस्त वा खराबी । यस अपवादको प्रयोजनको लागी स्वतः जारी (सेल्फ सस्टेन) रहने अणुको विच्छेदनको ज्वलनता (कम्बस्सन)लाई समेत जनाउँछ ।

(च) नोक्सानीको घटना घटेको समयमा भवन बन्द गरिएको तर नगद तालाबन्दी सेफ वा कोठामा नराखेमा ।

(छ) अनुसूचीमा उल्लेखित भौगोलिक क्षेत्र बाहेक अन्य स्थानमा नोक्सानीको घटना घटेमा ।

(ज) सेफ वा कोठाबाट सोको साँचो वा बीमितको जिम्मामा रहेको कोष साँचोको प्रयोगबाट नगदको हानी- नोक्सानी भएको तर यस्ता साँचोको प्राप्ति धम्की वा बलजफ्तीबाट गरी हानी- नोक्सानी पुऱ्याएको बाहेक हुनेछ । सेफमा रहेका सम्पूर्ण नगद राशीको सूची उक्त सेफमा नराखी त्यही सेफ राखेको कुनै स्थानमा सुरक्षित साथ राख्नुपर्न छ । कम्पनीको दायित्व बीमालेखमा तोकिएको कुल रकम नबढ्ने गरी चोरी भएका समयमा रहेको नगदको अभिलेखले देखाएको वास्तविक रकमभन्दा बढी हुने छैन भन्ने कुरा मञ्जुर गरिन्छ ।

## शर्त

(१) बीमालेख र अनुसूचीलाई एउटै करारको रुपमा मानिने छ । रबीमालेख वा अनुसूचीमा उल्लेख भएको कुनै शब्द वा अभिव्यक्तिको अर्थ यस बीमालेखमा जहाँ सुकै भएतापनि यथावत अर्थ लाग्ने छ ।

(२) यस बीमालेख अन्तर्गत कम्पनीको लिखित सहमति बिना, बीमितको अधिकार हस्तान्तरित हुने छैन ।

(३) बीमितले बीमा गरिएको रकमको सुरक्षाको सम्बन्धमा सम्पूर्ण उचित सावधानी अपनाउनु पर्नेछ र यस बीमालेख अन्तर्गत दावी पर्ने वा सोको संभावना भएको कुनै घटना घटेको अवश्थामा बीमितले

(क) प्रहरीलाई सूचना दिनु पर्ने छ जुनसुकै दोषी व्यक्ति पत्ता लगाउन तथा सजाय दिन र नगद खोज्न तथा पुःन प्राप्त गर्न सम्पूण व्यवहारिक कदम अपनाउनु पर्नेछ ।

(ख) कम्पनीलाई लिखित सूचना दिनु पर्नेछ र त्यसपछि सात दिनभित्र कम्पनीमा लिखित दावी पेश गर्नु पर्नेछ । सोको साथै उचित रुपमा आवश्यक पर्ने सम्पूर्ण विवरण र प्रमाणहरु पेश गर्नु पर्नेछ। घटना घटेपछि को चौध दिनभित्र कम्पनीलाई सूचना नगरिएको कुनै हानिप्रति कम्पनी कुनै प्रकारले पनि जवाफ देही हुने छैन ।

(४) कम्पनीले कुनै पनि समयमा आफ्नो खर्चमा यस बीमालेख अर्न्तगत दावी परेको कुनै नगदको क्षतिपूर्ति रकम पूनः प्राप्त गर्न बीमितको नाममा कानूनी उपायहरु अपनाउन सक्ने छ र यस प्रयोजनको लागि बीमितले सम्पूर्ण आवश्यक सहयोग दिनु पर्नेछ । यसपछि हानि –नोक्सानी वापत दावी भुक्तानी गरि बराबरको जुनसुकै रुपैयाँ पैसाको लागि कम्पनी हकदार हुनेछ ।

(५) परिवहन जोखिमको सम्बन्धमा स्वीकार गरिने बीमाशुल्क तथा नवीकरण बीमाशुल्क प्रत्येक बीमा अवधिको लागि यस बीकालेखको अनुसूचीमा उल्लेखित नगद रकमको आधारमा निर्धोरित गरिनेछ । मार्गस्थ जोखिम समावेश गरिएको नगद स्थानान्तरण गर्दा सोको एउटा उचित अभिलेख राख्नु पर्नेछ । बीमितले कम्पनीलाई जुनसुकै समयमा पनि यस्तो अभिलेख निरीक्षण गर्न दिनु पर्नेछ र बीमा अवधि समाप्त भएको मितिले एक महिना भित्र ,यस बीकमलेख अनतगर्त उक्त अवधिमा बीमा गरिएको मार्गस्थ जोखिममा रहेको सम्पूर्ण रकमको ठीक हिसाब कम्पनीलाई प्रदान गर्नु पर्नेछ । अनुमानित रकमको आधारमा बीमाशूल्क भुक्तान गरिएकोमा सो अनुमानित रकम र यथार्थ रकममा फरक पर्न आएमा यसबाट फरक पर्न गएको बीमाशुल्क समानुपातिक हिसाबले बुझाउने वा सोहि अनुपातमा फिर्ता लिने गरी समायोजन गरिनेछ । तर बीमाको कुनै एक अवधिभित्र यस्ता बीमा गरिएको मार्गस्थमा रहेको नगदको सम्बन्धमा कम्पनीलाई भुक्तान गर्नु पर्ने बीमाशुल्क अनुसूचीमा उल्लेखित बीमाशुल्कको प्रचहत्तर प्रतिशतभन्दा कम हुनेछैन ।

(६) यदि कुनै क्षति भएको समयमा बीमितले वा बीमितको तर्फबाट कुनै नगदको सुरक्षाको लागि अन्य कुनै बीमा गरिएको भएमा कम्पनीको दायित्व, यसपछि यस्तो क्षतिको निर्धारित अनुपातमा मात्र सीमित हुनेछ । यदि बीमालेख अनुरुप बीमा गरिएको कुनै रकम पूरा गर्नको लागि अन्य कुनै बीमा गरिएको छ र त्यसमा यस बीमालेख, पूर्ण वा आशिक रुपमा समान रुपमा समान रुपले लागू नहुने प्रावधान छन् वा क्षतिको मूल्यांकन गर्नबाट रोक्ने प्रवधान छन् भने कम्पनीको दायित्व यहाँ बीमा गरिएको रकमको मूल्यको अनुपातिक क्षतिमा मात्र सीमित हुनेछ ।

(७) कम्पनीले बीमितको अन्तिम ठेगानामा हुलाकबाट पठाएको सात दिने सूचनाद्धारा यो बीमालेख खारेज गर्न सक्नेछ र यस सन्दर्भमा कम्पनीले बीमितलाई यो बीमालेख लागू हुन बाँकी अवधिको लागि आवश्यक पर्ने बाँकी बीमाशुल्कको समानुपातिक भाग फिर्ता गर्नेछ।

(८) यो बीमालेख अन्तर्गत भुक्तानी गर्न पर्ने रकममा कुनै किसिमको बिबिधता खडा हुन आएमा (अन्यथा प्रवेश गरिएको दायित्वमा) बीमा ऐन २०४९ वा मध्वस्थता ऐन २०३८ बमोजिम हुनेछ ।

(९) यस बीमालेख अन्तर्गत आई पर्ने कुनै पनि दाबीको फछ्यौट र भुक्तानी काठमाडौंमा गरिनेछ र सम्पूण कार्यविधि काठमाडौं भित्र हुनेछ र त्यस्तो दाबीको कानूनी कारवाही नेपालभित्र काठमाडौंको न्यालयमा गरिनेछ ।

(१०) यस बीमालेखको शर्त, शर्तनामा र समर्थनको उचित पालना वा परिपालना बीमितद्धारा गर्न आवश्यक वा तामेली गर्नु कुनै कार्यसित सम्बन्धित हुनेछ । उक्त बीमालेखमा संलग्न बयान र जवाफको सत्यता नै यस बीमालेख अन्तर्गत भुक्तान गर्नुपने कम्पनीको दायित्वको लागी शर्तनामा लागू हूनेछ ।